आज मिति २०७५ साल भाद्र १७ गते विहान ८:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य | |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य | |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य | |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य | राममाया |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य | |
| श्री रञ्जना श्रेष्ठ | नि. प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

आमन्त्रित/बैठक सहयोगी

निर्णय नं.१

गांउपालिकाद्वारा प्रदान गरिने पशु स्वास्थ्य सेवा केन्द्रबाट मात्र प्रभावकारी नहुने हुंदा वडा नं ३ को कार्यालय हांडीखेला र वडा नं ८ को कार्यालय सिम्पानीमा पशु सेवा इकाइ स्थापना गरी कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.२

आ.ब.२०७५/७६ गा.पा. भरिका पशुहरुमा(गाइ र भैंसी)मा गरिने कृतिम गर्भाधान नि शुक्लः गरिने निति रहेको हुंदा सो कामको व्यबस्थापन गर्न बनाइएको "नि शुक्लः रुपमा गाइ भैसिमा गरिने कृतिम गर्भाधान कार्यबिधि २०७५" पारित गर्ने निर्णय गरियो ।साथै कृषक समुह वा कृषि सहकारीबाट खरीद गरि खपत भएको परिमाणको आधारमा अर्ग्यानिक मलमा ५० प्रतिशत रकम सोधभर्ना उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३

आ.ब.२०७५/०७६ को गाउँसभाबाट पारित सार्वजनिक निर्माण तर्फका योजनाहरु सञ्चालन गर्दा रु. २५ लाख र सो भन्दा माथिका सबै योजना तथा जतिसुकै रकमका भएपनि प्राबिधिक दृष्टीकोणबाट उपभोक्ताबाट कार्यान्वयन गर्न सम्भव नहुने सबैखाले योजना र उपभोक्ता समिति गठन गर्ने समय सिमा भित्र समिति गठन गरी सम्झौताका लागी नआएका योजनाहरु समेत ठेक्का बन्दोबस्तीबाट सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४

आ.ब. २०७५/०७६ का लागी जिल्ला समन्वय समिति मकवानपुर तयार गरिएको जिल्ला दररेट लाइनै यस गांउपालकाको पनि दररेटको रुपमा लागु गर्ने र सो मा केही थपघट वा परिमार्जन गर्नुपर्ने भए अध्ययन गरी आगामी बैठकमा सुझाब पेश गर्न अध्यक्ष ज्यु को संयजकत्वमा प्रमुख प्रशासकीय अधिकृत,लेखा शाखा प्रमुख,प्राबिधिक शाखा प्रमुख सदस्य रहको समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं.५

गांउपालिका क्षेत्रमा स्थापना गरि सञ्चालन भइरहेका तपशील बमोजीमका संस्थागत निजी बिधालयहरुले गांउ शिक्षा एन बमोजीम कक्षा थपको लागी आबेदन गरेकोमा बिधालयको भौतिक पूर्बाधार लगायत निरीक्षण गरि गांउ शिक्षा समितिको सिफारिस बमोजीम कक्षा थपको अनुमति दिने निर्णय गरियो ।

तपशीलः

| सि.नं. | बिधालयको नाम,ठेगाना | हाल सञ्चालनमा रहेको कक्षा | अब थप गर्न प्रस्ताव गरिएको कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | युनिभर्सल लर्निङ्ग एकेडेमी | ६ कक्षा सम्म | आधारभुत तहको पुरा कक्षा | |
| २ | मेरीगोल्ड टाइनिटस इ.बो.स्कुल. | ६ कक्षा सम्म | आधारभुत तहको पुरा कक्षा | |
| ३ | रेड एन्जल एकेडेमी | ३ कक्षा सम्म | आधारभुत तहको पुरा कक्षा | |

निर्णय नं.६

मनहरी गाउँ कार्यपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनहरी, मकवानपुर
३ नं प्रदेश, नेपाल

एकराज उप्रेती
अध्यक्ष

मिति २०७५।६।१ मा मुलुकी अपराध (संहिता) एन २०७४,मुलुकी फौजदारी कार्यबिधि(संहीता) एन २०७४,फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) एन २०७४,मुलुकी देवानी (संहीता) एन २०७४ र मुलुकी देवानी कार्यबिधि (संहीता) एन २०७४ को विषयमा जनप्रतिनिधी र कर्मचारीहरुमाझ अन्तरकृया कार्यक्रम गर्ने सो कामको लागी न्यायिक समिति तथा न्यायिक परामर्श शीर्षकबाट रु. ५००००।बिनियोजन गर्ने निर्यण गरियो ।

निर्णय नं.७

मनहरी ९ रजैया स्थित अग्नीहोत्राश्रमको नव निर्मित भवनमा रंग रोगन गर्न रु.३०००००।र रजैया देखि आश्रम जाने बाटो मर्मत गर्न रु. २०००००।गरी मर्मत संभार कोषबाट जम्मा रु.५०००००।बिनियोजन गर्ने निर्णय गरियो ।साथै गांउपालिका कार्यालयको जिन्सी फांटमा फाइवर/सीसा पार्टीसन कार्य गर्न सोही शीर्षकबाट ५००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

अनुदान तथा आर्थिक सहायता निर्देशिकामा उल्लेखित प्राबधान बमोजीम तपशीलमा उल्लेखित मृगौला रोगबाट पिडीत र बाढीबाट मृत्यु हुने परिवारका सदस्यलाइ तपशील बमोजीम राहत रकम आर्थिक सहायता स्वरुप प्रदान गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं | घटना बिबरण | पिडितको नामथर | ठेगाना | राहत रकम |
|---|---|---|---|---|
| १ | मृगौला रोग | बिरबहादुर वाइबा | मनहरी-३,सुकौरा | १०००० |
| २ | बाढीबाट मृत्यु | मोहन बुढाथोकी वर्ष ५२ | मनहरी-७,रमौली | ~~५०००~~ ९०,०००/- |

निर्णय नं.९

गांउपालिकाको मुख्य बजार क्षेत्र तथा आवस्यकता अनुसार अन्य क्षेत्रमा समेत फोहर व्यबस्थापन तथा सरसफाइ सम्बन्धि कार्य वैज्ञानिक ढंगबाट सम्पादन गर्न पब्लिक प्राइभेट पार्टनरशीप मोडलबाट गर्न प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १०

नयां "घ" बर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी गर्न प्राप्त आवेदन र कागजात अध्ययन गरी कार्यपालिकालाइ सिफारिस गर्न वडा अध्यक्ष शुभराज थिङ्ग को संयजकत्वमा ई.उत्तम उप्रेती र टे.अ.टेकराज पोखेल रहने गरी एक जांचबुझ समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं.११

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

गांउपालिकाको लागी एक थान हलुका सवारी साधन खरीद गर्न आवस्यक रहेको र सोको लागी बजेट समेत बिनियोजन भएकोले प्राबिधिक बाट प्राप्त लागत अनुमान रु.४७५८६०० । स्वीकृत गरी सार्बजनिक खरीद ऐन २०६३ को दफा ३१ को उपदफा १ बमोजिम बोलपत्रको माध्यमबाट सवारी साधन खरीद गर्न प्रकृया अगाडी बढाउने निर्णय गरीयो ।

<u>निर्णय नं. १२</u>

चालु आ.व. को लागी बिनियोजन भएका तपशीलका आयोजनाहरुको सम्भाव्यता अध्ययन,बृस्तृत परियोजना प्रतिबेदन DPR तथा गुरु योजना (Master plan) तयार गर्नुपर्ने भएकोले प्राबिधिक बाट सो कार्यको तपशील बमोजीम ल.ई समेत प्राप्त भइसकेकोले सो कामको ल.ई. तथा DPR स्वीकृत गरी परामर्श सेवा खरीद गरि उक्त कार्य निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं | स्वीकृत ल.ई. | गर्नुपर्ने काम | श्रोत |
|---|---|---|---|---|---|
| १ | मनहरी बहुमुखि क्याम्पस | ८ | २००००० | DPR | सोही योजनाबाट कट्टा गरी |
| २ | लोथर नदी तटबन्ध | ६ | २००००० | DPR | सोही योजनाबाट कट्टा गरी |
| ३ | लोथर फरिवाङ्ग पाङ्गथली सडक | ६ | ३५०००० | DPR | सोही योजनाबाट कट्टा गरी |
| ४ | ज्यामिरे केराबारी सरिखेत सडक | ९ | ३५०००० | DPR | सोही योजनाबाट कट्टा गरी |
| ५ | मकरी लिफ्ट सिंचाइ | २ | ३००००० | Fisibility study | सोही योजनाबाट कट्टा गरी |
| ६ | बशन्तपुर लिफ्ट सिंचाइ योजना | ५ | ३००००० | DPR | सोही योजनाबाट कट्टा गरी |
| ७ | देवकोट लिफ्ट सिंचाइ/खानेपानी योजना | ८ | २००००० | Fisibility study | सोही योजनाबाट कट्टी गरी |
| ८ | बृहद खानेपानी योजना | ९,२,८ | २५०००० | DPR | सोही योजनाबाट कट्टी गरी |
| ९ | मनहरी बस्ती बचाउ | ७ | २००००० | DPR | सोही योजनाबाट कट्टी गरी |

<u>निर्णय नं. १३</u>

गांउपालिका क्षेत्रभित्र बसोबास गर्ने जेष्ठ नागरीकहरुलाइ यातायात तथा स्वास्थ्य क्षेत्रमा सहुलियत लगायत प्रयोजनको लागी जे.ना.परिचय बनाउने प्रयोजनकोलागी तयार भएको जेष्ट नागरीक परिचय-पत्र निर्देशिका २०७५ अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १४</u>

यस कार्यालयको मिति २०७५/०३/२५ गते प्रकाशीत सुचना बमोजीम वडा नं. ४ को कार्यालय संचालनको लागी घर भाडामा लिने सम्बन्धमा घरधनीहरुले कार्यालयलाइ घरभाडामा दिन इच्छुक भई दिएको निबेदनहरु उपर छानबिन तथा अध्यन गर्न समिति गठन गरिएकोमा सो समितिको मिति २०७५/०४/०५ को सिफारिस अनुसार तपशीलका घरधनीहरुका निबेदनहरु अन्य घरधनीहरुको भन्दा कम र उपयुक्त भएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९४(११) बमोजीम उक्त घर धनीहरुको घर सम्झौतामा उल्लेखित मितिबाट लागु हुने गरी भाडामा लिने निर्णय गरियो ।

तपशील:

वडा नं. ४

जि.म. मनहरी गा.पा.-४ मा रहेको रामहरी बिष्टको कि.नं. ७५०,ज.वि. १-०६-०-० मा बनेको २ (दुइ) कोठाको मासिक रु.४०००।(चार हजार) कर सहित ।

गांउपालिका केन्द्र

जि.म. मनहरी गा.पा.-९ मा रहेको कल्याणी कुंवरको कि.नं.५१०,ज.बि.१०धुर मा बनेको १ कोठाको मासिक रु.३०००।(तिन हजार) कर सहित ।

## निर्णय नं. १५

बालमैत्री शासन अबलम्बन गर्ने प्रयोजनको लागी प्रत्यक वडामा वडा स्तरीय समन्वय समिति गठन गर्ने र सो समितिलाइ अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो सोमा लाग्ने प्रस्तावना बमोजीमको खर्च चालु बजेटको बालमैत्री स्थानिय शासन प्रवर्द्धन कार्यक्रम बाट व्यहोर्ने निर्णय गरियो ।

## निर्णय नं.१६

मिति २०७५/०६/०३ गते गांउपालिका केन्द्र रजैयामा तेस्रो संम्बिधान दिबस मनाउने,सो कार्यक्रममा उत्कृष्ट उपभोक्ता समिति,पत्रकार,कर्मचारी,करदाता लगायत गांउपालिकाको कार्यसम्पादनमा सहयोग पुर्याउने हरुलाइ सम्मान तथा पुरस्कृत गर्ने निर्णय गरियो ।सो कार्यको लागी चालु आ.व.को चालु कार्यक्रम तथा क्रियाकलाप अन्तरगत विभिन्न पुरस्कार प्रोत्साहन कार्यक्रम शीर्षकमा बिनियोजीत वजेटबाट खर्च लेख्ने निर्णय गरियो ।

## निर्णय नं.१७

गांउपालिका केन्द्र तथा वडा कार्यालयहरुको भबन बनाउने प्रयोजनको लागी इच्छुक दाताहरुबाट नि शुल्कः जग्गा दानको निबेदन आव्हाँन गरीएकोमा तपशीलका वडाहरुबाट तपशीलको कि.नं. र क्षेत्रफल भएको जग्गा उपलब्ध गराउन दाताहरुबाट प्राप्त निबेदन वडाको सिफारिस सहीत प्राप्त भएकोले गा.पा.को/वडाको नाममा जग्गा प्राप्तिको लागी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपशील:

| सि.नं. | वडा नं. | टोलको नाम | जग्गावालको नाम | कि.नं. | कित्ताको क्षेत्रफल | उपलब्ध गराउन प्रस्ताब गरेको क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## निर्णय नं.१८

सुचनाको हक सम्बन्धि ऐन २०६४ को प्राबधान बमोजीम गांउपालिका कार्यालयमा सुचना अधिकारीको व्यबस्था भइसकेकोले वडा कार्यालयहरुका लागी समेत सम्बन्धित वडा सचिब लाइनै वडा सुचना अधिकारीको रुपमा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.१९

मिति २०७५/०५/०८ मा बालमैत्री स्थानिय शासन प्रबर्द्धनको लागी सहजकर्ता आवस्यकताको सुचना प्रकाशीत गरिएकोमा आबेदकहरुको अन्तरबार्ता सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयजकत्वमा तपशील बमोजीम छनौट समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १) साधुराम अधिकारी | सदस्य |
| २) प्रकाश खतिवडा | बिज्ञ सदस्य |
| ३) टीकाराम अधिकारी | सदस्य-सचिब |

निर्णय नं. २०

गांउपालिका क्षेत्रभित्रका रासी,मनहरी,लोथर तथा अन्य खहरे खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन कार्यको लागी प्रारम्भिक बाताबरणीय प्रभाव मुल्याङ्कन गर्ने प्रयोजनको लागी तयार भइ स्वीकृत कार्यसुची (TOR) बमोजीम प्रारम्भिक बाताबरणीय प्रभाव मुल्याङ्कन (IEE) गर्न प्राविधीक बाट रु. ।(अक्षेरुपी मात्र ) को लागत इष्टमेट प्राप्त भएकोले सो ल.इ.स्वीकृत गरि सो कार्य सार्बजनिक खरीद नियमाबली २०६४ को नियम ७२ को उपनियम १ बमोजीम परामर्श सेवा खरीद मार्फत गरिने निर्णय गरियो ।सो कार्यमा पर्सा राष्टीय निकुञ्ज संग सहकार्य/समन्वय गर्ने निर्णय गरियो ।